गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा विकास महाशाखा
गण्डकी प्रदेश, पोखरा

फोन नं. : ०६१-५५०४६२
०६१-५२८५७३

प.स. : ०८२/०८३
च.नं. : १८०

मितिः२०८२/०९/०८

श्री एकीकृत सेवा कार्यालय, गण्डकी प्रदेश (सबै)।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, गण्डकी प्रदेश (सबै)।

विषयः शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सम्बन्धमा ।

"सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन हुने शिक्षा, भाषा, संस्कृति र पुरातत्त्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८२" अनुसार शिक्षक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमको प्रदेशस्तरीय कार्यक्रम व्यवस्थापन समितिको मिति २०८२/०९/०७ गतेको निर्णयानुसार शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान जिल्लास्तरीय प्रतियोगिता मिति २०८२।०९।३० गते भित्र सञ्चालन गरी सर्वोत्कृष्ट स्थान हासिल गर्ने एक जना शिक्षक तथा एक जना विद्यार्थीको विवरण मिति २०८२।१०।०९ गते भित्र यस महाशाखामा पठाउन प्रत्येक जिल्लाका एकीकृत सेवा कार्यालयहरूलाई अनुरोध गर्ने तथा प्रदेशस्तरीय प्रतियोगिता मिति २०८२/१०/१५ गते सञ्चालन गर्ने निर्णय भएकोले प्रतियोगिता सम्बन्धी देहाय बमोजिम जानकारी सहित कार्यान्वयनको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

क. जिल्लास्तरमा कार्यक्रम सञ्चालन एवम् व्यवस्थापनका लागि देहाय बमोजिमको जिल्लास्तरीय एक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ
   १. एकीकृत सेवा कार्यालयको प्रमुख – संयोजक
   २. शिक्षा शाखा प्रमुख/प्रतिनिधि, कार्यालय रहेको स्थानीय तह-सदस्य
   ३. शिक्षा विकास तथा समन्य इकाइको प्रतिनिधी-सदस्य
   ४. समितिले तोकेको क्षेत्रगत विज्ञ- सदस्य
   ५. एकीकृत सेवा कार्यालयको अधिकृत– सदस्य सचिव

ख. प्रतियोगिता सञ्चालन सम्बन्धी नियम तथा जानकारीहरु निम्नानुसार रहेका छन् :-
   - शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रममा शिक्षक वक्तृत्वकला र विद्यार्थी वक्तृत्वकला प्रतियोगिता सञ्चालन हुनेछ।
   - शिक्षक वक्तृत्वकला र विद्यार्थी वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल शिक्षक एक र विद्यार्थी एक जनाले मात्र प्रदेशस्तरीय प्रतियोगितामा भाग लिन पाउनेछन् ।
   - गण्डकी प्रदेश अन्तर्गतका सामुदायिक र संस्थागत विद्यालयमा बालविकास केन्द्र देखी माध्यमिक तहसम्म स्थायी, अस्थायी, करार, राहत, अनुदान कोटा र निजी स्रोतमा कार्यरत शिक्षक र विद्यार्थीहरु सहभागी हुन सक्नेछन् ।
   - प्रदेशस्तरको प्रतियोगितामा भाग लिन आउने शिक्षक तथा विद्यार्थीले आफ्नो जिल्लाको एकीकृत सेवा कार्यालयबाट सिफारिस पत्र सहित उपस्थित हुनुपर्नेछ ।
   - प्रदेशस्तरीय कार्यक्रममा सहभागी हुन आउने शिक्षक, विद्यार्थी र जिल्लागतरुपमा सहभागी विद्यार्थीको संरक्षक एकजना शिक्षकलाई महाशाखाले नियम अनुसारको आतेजाते तथा निर्वाह खर्च कार्यक्रमको समयमा उपलब्ध गराउनेछ ।
   - वक्तृत्वकला प्रतियोगितामा प्रत्येक वक्तालाई बढीमा ६ मिनेट (५मिनेटमा जनाउ घण्टी बजाइनेछ) समय दिइनेछ ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा विकास महाशाखा
गण्डकी प्रदेश, पोखरा
फोन नं. : ०६१-५५०४६२
०६१-५२८५७३

प.स. : ०८२/०८३
च.नं. :

- संविधानको भावना विपरीत कुनै व्यक्ति, जाति, धर्म, वर्ग, लिङ्ग सम्प्रदायप्रति आक्षेप लागाउन पाइने छैन ।
- कुनै लिखित तथा डिजिटल सामग्री हेरेर बोल्न पाइने छैन।
- वक्ताको मूल्याङ्कन सम्बोधन/ विषय प्रवेश, विषयवस्तुको गहिराइ, प्रस्तुति, भाषिक क्षमता र समापन/ निचोडका आधारमा गरिने हुँदा धारा प्रवाह रुपमा आफ्नो कला प्रस्तुत गर्नुपर्नेछ ।
- मूल्याङ्कन समितिको निर्णय अन्तिम हुनेछ ।

ग. वक्तृत्वकलाका शिर्षकहरु: निम्नलिखित शीर्षकहरुमध्येबाट गोलाप्रथाद्वारा वक्तृत्वकलाको शीर्षक छनौट गरिनेछ।

१. विद्यार्थीतर्फ:
   - क. समाज, अनुशासन र विद्यार्थी
   - ख. साइवर अपराध र यसबाट जोगिने उपायहरू
   - ग. विद्यार्थी जीवनदेखी राष्ट्रिय जिम्मेवारीसम्म
   - घ. राष्ट्रिय पहिचान वृद्धिमा विद्यार्थीको भूमिका
   - ङ. बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी

२. शिक्षकतर्फ:
   - क. सामाजिक रूपान्तरणमा शिक्षकको भूमिका
   - ख. शैक्षिक गुणस्तर सुधारमा शिक्षकको योगदान
   - ग. रचनात्मक शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग
   - घ. डिजिटल उपकरण र सामाजिक सञ्जालको प्रयोग
   - ङ. ज्ञान, विज्ञान, सीप, उद्धम र मौलिकता: साझेदारी र प्रणालिगत सक्षमता

घ. पुरस्कार सम्बन्धी व्यवस्था :

जिल्लास्तरमा सञ्चालन हुने प्रतियोगिताको लागि पुरस्कार, प्रमाणपत्र र सम्बन्धीत विद्यालयलाई प्रशंसा पत्र जिल्लास्तरीय कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिले स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८२" मा व्यवस्था भएबमोजिम हुनेछ भने प्रदेशस्तरमा सञ्चालन हुने प्रतियोगिताका लागि प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने प्रतियोगीलाई तपशिल बमोजिमको नगद पुरस्कार र प्रमाणपत्र एवम् प्रशंसा पत्र उपलब्ध गराइने छ ।

क्र.स	कार्यक्रम	सहभागी	प्रथम	द्वितीय	तृतीय	सान्त्वना
१	वक्तृत्वकला	शिक्षक	१५०००	१२०००	१००००	५०००
		विद्यार्थी	१५०००	१२०००	१००००	५०००

थप जानकारीका लागि: महाशाखाको वेवसाइट www.edd.gandaki.gov.np
सम्पर्कका लागि: ९८५६०३७१६९/९८५६०३३८१३

२०८२।०९।०८
(प्रकाश ओझा)
शाखा अधिकृत